# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ७) मुसिकोट,गुल्मी, फागुन १५ गते,२०८० साल (संख्याः११

# भाग-२

**मुसिकोट नगरपालिका,गुल्मी**

**नगर करार (भाषा/कला/सिप) शिक्षक छनौट कार्यविधि,2080**

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिका नगरसभाले बनाएको देहाय बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नगर करार (भाषा/कला/सिप) शिक्षक छनौट कार्यविधि,2080

प्रस्तावना

यस नगरभित्र रहेका सामुदायिक विद्यालयहरुमा निम्नमाध्यमिक र माध्यमिक तहका नगर करार शिक्षक दरबन्दी वितरण तथा नगर करार शिक्षक छनौट गर्नको लागि मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ को नियम १०६ अनुसार मुसिकोट नगरकार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम नगर करार शिक्षक (भाषा/कला/सिप) छनोट कार्यविधि २०80 रहेको छ ।

(२) यो कार्यविधि तुरून्त लागु हुनेछ ।

२.परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) "नियमावली " भन्नाले मुसिकोट नगरपालिका "शिक्षा नियमावली, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिका कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) " समिति" भन्नाले यस कार्यविधिको दफा ७ बमोजिमको समिति सम्झनु पर्दछ ।

(घ) "नगर करार शिक्षक" भन्नाले नगरपालिकाले श्रृजना गरेको विभिन्न विधाहरु ( जस्तै कला, भाषा, सिप आदी) मा कार्यरत करार शिक्षकको दरवन्दीमा रहेका शिक्षक सम्झनु पर्छ ।

३. नगर करार (भाषा/सिप) शिक्षक अनुदान

(१) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा विभिन्न विधाहरु शिक्षणका लागी (विभिन्न भाषा, कला, सिप) शिक्षकहरु नियुक्त गर्न सक्नेछ, ।

(२) शिक्षकहरुको पारिश्रमिक अनुदान निम्न दरमा नगर करार शिक्षक सरह दिइनेछ :

(क) प्राथमिक तहः प्रति महिना रु.15000।–

(ख) निम्न माध्यमिक तह : प्रति महिना रु. १८,०००।–

(ग) माध्यमिक तह ( ९ –१० ) : प्रति महिना रु.२२,५००।–

(घ) माध्यमिक तह ( ९ –१२ ) : प्रति महिना रु. ३०,०००।–

(३) करार शिक्षकको तलब भत्ता दफा उपदफा (२) मा तोकिए बमोजिम एक आर्थिक वर्षमा तेह्र महिनाको अनुदान दिइनेछ ।

(४ करार शिक्षकको अवधि चालु आर्थिक वर्ष/नगरपालिकाले तोके वमोजिम रहनेछ ।

४. नगर करार शिक्षकका लागि आवश्यक योग्यताः

( १) शैक्षिक योग्यताः

- प्रावि र निम्न माध्यमिक तह: मान्यता प्राप्त शिक्षण संस्थावाट १०+२ वा सो सरह साथै सम्बन्धित विधामा आधारभुत तहको प्रमाणपत्र हुनुपर्ने।
- माध्यमिक तह : मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह साथै सम्बन्धित विधामा मध्यम तहको प्रमाणपत्र हुनुपर्ने।

(२) उमेरको हद :

- १८ वर्ष पूरा भएको।
- निवृत्त भएका शिक्षकलाई समेत नियुक्त गर्न सकिनेछ।

५. नगर करार (भाषा/सिप) शिक्षक छनौट प्रक्रिया :

(१) नगरपालिकावाट स्वीकृत विधामा सार्वजनिक सूचनाको माध्यमवाट तह र विधा खुलाई माग संकलन गरिने।

(२) विद्यालय व्यवस्थापन समितिबाट माग बमोजिम प्रस्तावना पेश गर्नुपर्नेछ ।

मुसिकोट राजपत्र

(३) प्रतिस्पर्धाका लागि राष्ट्रिय वा स्थानीय स्तरको पत्र पत्रिका वा एफ.एम., र नगरपालिकाको वेव साइट/सामाजिक सञ्जालमा १५ दिने सूचना प्रकाशित गर्नुपर्नेछ ।

(4) प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्त उपर छानबिन गरी योग्य उम्मेदवारहरुलाई लिखित परीक्षामा प्रतिस्पर्धा गराउनु पर्नेछ ।

६. लिखित प्रतिस्पर्धा गराउदा अवलम्बन गर्नुपर्ने विधि :

- प्रश्न पत्र निर्माण मुसिकोट नगरपालिका शिक्षा नियमावली २०७४ बमोजिम गठित शिक्षक तथा कर्मचारी छनौट समितिले छनौट गरेको रोष्टरहरुबाट तत्काल प्रश्न निर्माण गराई लिखित परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

७. प्रश्नपत्र छनौट विधि : देहायका तीन सदस्यीय समितिबाट प्रश्नपत्र निर्माणका लागी विज्ञ छनौट गरी तयार गर्नुपर्नेछ ।

(क) शिक्षक तथा कर्मचारी छनौट समितिका अध्यक्ष –संयोजक

(ख) नगर शिक्षा अधिकृत –सदस्य

(ग) छनौट समितिले तोकेको छनौट समितिको एक जना सदस्य – सदस्य

८. परीक्षाको किसिम–

(१) लिखित– 50 पूर्णाङ्क

(२) अन्तर्वार्ता– १८ पूर्णाङ्क

(3) सिप परीक्षण–32 पूर्णाङ्क

९. पाठ्यक्रम र अङ्कन

विधासँग सम्वन्धित पाठ्यक्रम नगरपालिका अन्तर्गत रहेको शिक्षा,युवा तथा खेलकुद शाखावाट आवश्यक विज्ञहरु झिकाई निर्माण गरी शिक्षक तथा कर्मचारी छनौट समितिवाट स्वीकृत गराई लागु गर्नुपर्नेछ र अन्तर्वार्ताका लागि छुटयाइएको अंक निम्न बमोजिम हुनेछ ।

मुसिकोट राजपत्र

(क) शैक्षिक योग्यता मध्ये प्रथम श्रेणीको ३ अङ्क द्धितीय श्रेणीको २ अङ्क र तृतीय श्रेणीको १ अङ्क तथा श्रेणी नखुलेको हकमा द्धितीय श्रेणी बराबरको २ अङ्क ।

(ग) अन्तर्वार्ताको बाँकी १० अङ्क मध्ये अवलोकनबाट अङ्क प्रदान गर्ने

- व्यक्तित्वका लागि बढिमा – २
- आत्मविश्वासका लागि बढिमा – २.५
- प्रस्तुतीकरणका लागि बढिमा – २.५
- विषयवस्तुको ज्ञानको लागि बढिमा ३

(अङ्क दिदा ७ भन्दा बढी र ३.५ भन्दा कमी दिन परेमा किन त्यसो गर्नु परेको हो, स्पष्ट रुपमा खुलाउनु पर्ने)

(घ) सिप परीक्षण वापतको पूर्णाङ्कको विभाजन सम्वन्धित विषय शिक्षक र छनौट समिति संयोजकले तयार पारी परीक्षा अगावै सहभागी उमेद्वारहरुलाई जानकारी दिनुपर्नेछ।

१०. लिखित परीक्षाको परीक्षाफल प्रकाशन :

(१) छनौट समितिले लिखित परीक्षा अधिकतम अङ्क ल्याउने उम्मेदवारहरु मध्ये आवश्यक संख्या थप २ जनाको नाम वर्णानुक्रमका आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षाको नतिजा अन्तर्वार्ता सम्पन्न नहुन्जेल सम्म छनौट समितिको संयोजक वा उक्त संयोजकले तोकेको समिति सदस्यले जिम्मा लिई गोप्य रुपमा राख्ने व्यवस्था मिलाउनेछ ।

११. उत्तर पुस्तिका परीक्षण गर्ने सम्बन्धी विधि :

(क) शिक्षक तथा कर्मचारी छनौट समितिद्वारा संचालित परीक्षाका उत्तर पुस्तिका परीक्षण शिक्षक तथा कर्मचारी छनौट समितिद्वारा छनौट भएका विज्ञद्वारा गराउनुपर्नेछ ।

(ख) विशेषज्ञको छनौट समितिद्वारा गर्नुपर्नेछ ।

मुसिकोट राजपत्र

(ग) उत्तर पुस्तिका जाँचकीले उत्तरकुन्जिका निर्माण गरी त्यसैको आधारमा उत्तर पुस्तिका परीक्षण गर्नुपर्ने छ ।

१२ कोडिङ्ग/डिकोडिङ्ग सम्बन्धि विधि :

छनौट समितिको संयोजक वा निजले अधिकार दिएको छनौट समितिको सदस्यले उत्तर पुस्तिकाको कोडिङ्ग/डिकोडिङ्ग गर्नुपर्नेछ ।

१२ अन्तिम नतिजा प्रकाशन :

छनौट समितिले लिखित र अन्तर्वार्तामा अधिकतम अङ्क ल्याउने उम्मेदवारलाई छनौट समितिले प्रमुख प्रशासकीय अधिकृत समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

१३. आचारसंहिता

विशेषज्ञ, परीक्षार्थी र छनौट समिति विशेषज्ञ समिति परीक्षामा संलग्न सबैले देहायका आचारसंहिता पालना गर्नुपर्नेछ :

- मोबाईल लैजान नहुने ।
- हात हतियार तथा धारिलो वस्तु लैजान नहुने ।
- शिष्ट र नम्र व्यवहार गर्नुपर्ने ।
- होहल्ला गर्न नपाईने ।
- परीक्षाका आवश्यक गोपनियता कायम गर्ने ।

१४. परीक्षा अनुगमन :

प्रश्न पत्र निर्माण, परीक्षा सञ्चालन र उत्तर पुस्तिका परीक्षण कार्यको सघन अनुगमन गर्ने व्यवस्था शिक्षक तथा कर्मचारी छनौट समितिले मिलाउने छ ।

१६. संसोधन र लागु: (१) यो कार्यविधिलाइ कार्यपालिकाले अवस्यक संसोधन गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख गरिएका कुरामा यसै बमोजिम र अन्य ब्यवस्था मुसिकोट नगरपालिकाको शिक्षा नियमावली अनुसार हुनेछ ।

मुसिकोट राजपत्र

आज्ञाले,

विनोद कुंवर

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति २०८०।३।१३

मूल्य रू १०

मुसिकोट राजपत्र